**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 07 .05.2025**

·Operation Sindoor

भारतीय सशस्त्र बलहरूले अपरेशन सिन्दुर अन्तर्गत हिजो अबेर राती पाकिस्तान र पाकिस्तान अधिकृत कश्मीरका नौ वटा आतंकी स्थलहरूलाई नष्ट गरे।

आज नयाँ दिल्लीमा सेना, वायु सेना र विदेश मन्त्रालयको संयुक्त प्रेस वार्तामा बताइए अनुसार यो अपरेशन हिजो राती एक बजेर पाँच मिनटसम्म सञ्चालित भयो।

सेनाकी कर्नल सोफिया कुरैशी र वायु सेनाकी विंग कमाण्डर ब्योमिका सिंहले भन्नुभयो अपरेशन सिन्दुर पहलगाम आतंकी हमलाका पीड़ितहरूलाई न्याय दिनका लागि सञ्चालित गरिएको हो।

यसैबीच रक्षा मन्त्री राजनाथ सिंहले भन्नुभएको छ सेनाले आफ्नो पराक्रमको प्रदर्शन फेरि एकपल्ट गरेको छ।

दिल्लीमा एउटा कार्यक्रममा बोल्दै उहाँले भन्नुभयो अपरेशन सिन्दुरको कार्रवाई धेरै सोंच विचार गरेर गरिएको हो।

सबै राजनैतिक दलहरूले भारतीय सेनाद्वारा गरिएको अपरेशन सिन्दूरको प्रशंसा गरेका छन्।

**CM Reaction**

मुख्यमन्त्री प्रेमसिंह तामाङले पनि अपरेशन सिन्दूरबारे आफ्नो प्रतिक्रिया साझा गर्नुएभको छ। सोशल मीडिया पोष्टमा उहाँले भन्नुभएको छ यो अपरेशन आतंकको विरूद्धमा भारतको संकल्पको एउटा शक्तिशाली प्रतीक हो।

श्री तामाङले भन्नुभएको छ देशका सेनाहरूको साहसले देशको सम्प्रभुताको रक्षा गर्छ।

**BJP Reaction**

सिक्किम प्रदेश भारतीय जनता पार्टीले आतंकवादलाई जरैबाट उखेल्ने राष्ट्रको संकल्पको साथमा पार्टी खड़ा रहेको जनाएको छ।

अपरेशन सिन्दूरको सफल शुरूवातका लागि सशस्त्र बलहरूको साहस र प्रतिबद्धताको प्रशंसा गर्दै पार्टीले भनेको छ भारतको तर्फबाट यो आफ्नो भूमिका शान्तिका शत्रुहरूको सहन गरिनेछैन भन्ने गतिलो सन्देश हो।

**Reaction widow of martyr**

पहलगाम आतंकी हमलामा शहीद हुने सैन्यकर्मीहरूका आफन्तजनले अपरेशन सिन्दूर अन्तर्गत पाकिस्तानी आतंकी स्थलहरू नष्ट भएकोमा खुशी व्यक्त गरेका छन्।

हमलामा शहीद हुने भारतीय वायु सेनाका सेना IAF  Corporal  तागे हैल्याङकी धर्मपत्नी चारो काम्हुवा तागेलो घटनाको प्रशंसा गर्दै सरकारसित अरू निर्देष व्यक्तिहरूका ज्यानको रक्षा गर्न आतंकवादलाई समाप्त गर्ने  आग्रह गर्नुभएको छ।

उहाँले भन्नुभएको छ।

## Amit shah meeting

केन्द्रीय गृह मन्त्री अमित शाहले आज सीमावर्ती राज्यका मुख्यमन्त्रीहरू पुलिस महान्देशकहरू र मुख्य सचिवहरूसितको बैठकको अध्यक्षता गर्नुभयो।

यसमा जम्मू काश्मीर, पञ्जाब, राजस्थान, गुजरात, उत्तराखण्ड,उत्तर प्रदेश, विहार , पश्चिम बंगाल र सिक्किमका मुख्यमन्त्री अनि लद्दाख र जम्मू काश्मीरका उपराज्यपाले भाग लिए।

**Mockdrill**

देशभरिका दुई सय चौंवालिस जिल्लाहरूमा आज नागरिक सुरक्षा अभ्यास तथा पूर्वाभ्यास आयोजित गरियो।

अग्निशमन सेवा नागरिक सुरक्षा तथा होमगार्डका महानिदेशक विवेक श्री वास्तव अनुसार यो कुनै पनि बाहिरी खतराको सामना गर्नका लागि मानिसहरूलाई तयार बनाउने अभ्यास मात्र हो।

आपतकालीन प्रतिक्रिया क्षमतालाई सुदृढ़ बनाउने प्रयासकको रूपमा आज सिङतामा चार बजीदेखि पूर्वाभ्यास अर्थात Mockdrill गरियो।
चारबजी गान्तोकको नागरिक रक्षा नियन्त्र कक्षमा हवाई  हमलाको चेताउनीको अनुमान हुने बित्तीकै घटना प्रक्रिया बल सक्रिय भए।

गान्तोक जिल्लाधीश वरिष्ठ पुलिस अधीक्षक अतिरिक्त जिल्लाधीश (मुख्यालय) र महकुमा अधिकारी सिङताम पुलिस  थाना परिसरमा पुग्नुभयो।

पुलिस र नागरिक रक्षा स्वंयसेवकहरूले हवाई हमलाको साइरन बजाए। यस अवधिमा मानिसहरूलाई घरभित्रै बस्नु वा राष्ट्रिय पन बिजुली निगम NHPC को सुरूङ्गमा जानु भनिएको थियो। वाणिज्यक प्रतिष्ठानहरू बन्द गरियो  र सड़कमा वाहनहरू चलेनन्।

सिङताम नगर पञ्चायतका निर्वाचित सदस्यहरूले यो समन्वित प्रयासमा सहयोग गरे।

यता गान्तोक बजारमा राती नौ बजीदेखि नौ बजेर तीस मिनटमा हवाई हमलाको साइरन बजाइनेछ।

त्यसपछि पूर्ण रूपले ब्लाक आउट गरिनेछ। त्यसबेला मानिसहरूले बिजुली बत्ती निभाएर घरभित्रै बस्नुपर्नेछ।

ब्लाक आउट को अवधिमा अस्थायी रूपमा विजुली बन्द गरिनेछ। त्यस समयमा सबै वाणिज्यक प्रतिष्ठान  इन्भरटर र सोलार लाइन बन्द गरिनुपर्छ।

गान्तोक जिल्ला  आपदा प्राधिकरणले गाउँ र शहरी वासिन्दाहरूलाई सबै निर्देसहरू पालन गरेर पूर्व अभ्यास  कार्यमा सहयोग गर्ने आग्रह गरेको छ।

स्मरण रहोस् मकड्रिलको उदेश्य आपतकालीन स्थितिको सामना गर्नमा जागरूकता ल्याउनु हो। गत महीना पहलगाममा निर्दोष पर्यटकहरूको हत्यापछि भारत र पाकिस्तानबीच बढ़दो तनावलाई ध्यानमा राखेर केन्द्र सरकारको निर्देसनमा यो पूर्वाभ्यास आयोजना गरिएको हो।

Preparedness meeting

प्रधानमन्त्री नरेन्द्र मोदीको आगामी सिक्किम भ्रमणको तयारीको समीक्षा गर्न मुख्य प्रशासक तथा क्याबिनेट सचिव विजय भूषण पाठकको अध्यक्षतामा गान्तोकको टाशीलिङ सचिवालयमा आज एउटा बैठक बस्यो।

यसमा सुरक्षा व्यवस्था समन्वय र अन्य विषयहरूबारे चर्चा भयो। बैठकमा यसै महीना सोह्र तारीक आयोजित हुने राज्य दिवस समारोहको तयारीबारे पनि विचार विमर्श गरियो।

यस अवसरमा मुख्य सचिव आर तेलाङ्ग पुलिस महानिदेशक अक्षय सचेदना, विभिन्न  विभाग प्रमुखहरू र सम्वन्धित विभागका अधिकृतहरूको पनि उपस्थिती थियो।